# बाल ईजलाश सञ्चालन

## प्रमुख समस्या र समाधानको उपायहरु



**तेजनारायण पौडेल**

**जिल्ला न्यायाधीश**

**कपिलवस्तु जिल्ला अदालत**

- बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिका भन्नाले १८ वर्ष पूरा नगरेको व्यक्ति भन्ने सम्झनुपर्छ ।
- कानूनको विवादमा परेका बालबालिका भन्नाले कसूरजन्य कार्यको आरोप लागेका र बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकालाई जनाउँदछ ।
- बाल इजलास भन्नाले बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारवाही, सुनुवाई र किनारा गर्ने प्रत्येक जिल्ला अदालतमा गठन भएको इजलासलाई जनाउँछ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० ले बाल अदालतको गठन सम्बन्धी व्यवस्था गरेको छ । तथापी हालसम्म बाल अदालतको गठन हुन नसकेकोले बाल अदालत गठन नभएसम्मको लागि प्रत्येक जिल्ला अदालतमा बालबालिकाले गरेको कसूरजन्य कार्यको कारवाही, सुनुवाई र किनारा गर्नको लागि बाल इजलासको गठन गरिएको छ ।

# बाल न्याय सम्बन्धी कानूनी व्यवस्थाहरु (राष्ट्रिय)

- नेपालको संविधान
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी नियमावली, २०७८
- बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- विशेष ऐनहरु

# बाल न्याय सम्बन्धी कानूनी व्यवस्थाहरु (अन्तराष्ट्रिय)

- **Universal Declaration on Human Rights, 1948**
- **United Nations Standard Minimum Rules for the Treatment of Prisoners, 1955**
- **Declaration on the Rights of Child, 1959**
- **International Covenant on Civil and Political Rights, 1966**
- **United Nations Standard Minimum Rules for the Administrations of Juvenile Justice (The Beijing Rules), 1985**
- **The Convention on the Rights of the Child, 1989**
- **United Nations Standard Minimum Rules for Non-custodial Measures (The Tokyo Rules), 1990**
- **United Nations Guidelines for the Prevention of Juvenile Delinquency (The Riyadh Guidelines), 1990**
- **United Nations Rules for the Protection of Juvenile Deprived of their Liberty (The JDL Rules), 1990**

# बालबालिका सम्बन्धी ऐन २०७५

## बालबालिका प्रतिको दायित्व (दफा १६-१९)

- बालकालिकाको सर्वोत्तम हित
- परिवार वा संरक्षकको दायित्व
- राज्यको दायित्व
- सञ्चारक्षेत्रको दायित्व

## बालबालिकाको कर्तव्य (दफा ७७)

बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले सर्वोत्तम हित विचार गरी दिएको सल्लाह, सुझाव र निर्देशन पालना गर्नु र सबैलाई सम्मान र आदर गर्नु बालबालिकाको कर्तव्य हुनेछ।

# बालबालिका विरुद्धको कसूर तथा सजाय

**बालबालिका विरुद्धको कसूरः** कसैले बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहार गरेमा बालबालिका विरुद्धको कसूर गरेको मानिने (दफा ६६)

**सजायः** बालबालिका विरुद्ध कसूर गरेमा दफा ७२(३) बमोजिम सजाय

# बाल यौन दुर्व्यवहार

अश्लिल चित्र श्रव्यदृष्य देखाउने, यौनजन्य आचरण प्रदर्शन गर्ने, अश्लिल चित्र, श्रव्यदृष्यको सामग्री निर्माण, भण्डारण, वितरण तथा प्रयोग गर्ने, यौनजन्य कृयाकलापको लागि प्रस्ताव गर्ने, फकाउने, दवाव दिने, यौनजन्य मनसायले शरीरको संवेदनसिल अंग छुने, चुम्बन गर्ने, अंकमाल गर्ने, आफ्नो वा अरुको संवेदनसिल अंग छुन समाउन लगाउने, कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न वा संतुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने, यौनजन्य सेवा उपलव्ध गराउन बालबालिकाको प्रयोग गर्ने, यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकको प्रयोग गर्ने, बेस्या बृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने

# बाल इजलास सञ्चालन

- बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ गरी ३ जना सदस्य रहन्छन् ।
- बाल इजलासमा समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ उपलब्ध नभएको वा कुनै कारणले अनुपस्थित रहेको अवस्थामा पनि न्यायाधीशले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न सक्दछ ।
- मुद्दाको कारवाहीको क्रममा बालबालिकाको उमेर १८ वर्ष पूरा भएता पनि त्यस्तो मुद्दा बाल इजलासबाटै कारवाही, सुनुवाई र किनारा गरिन्छ ।
- बालबालिकाले गरेको कसूरजन्य कार्यको कारवाही, सुनुवाई र किनारा गर्दा बन्द इजलासबाट मात्र गरिन्छ ।
- कुनै पनि कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल इजलासबाट कारवाही, सुनुवाई र किनारा गर्नु पर्दछ भने उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्नु पर्दछ ।

# सुनुवाई सम्बन्धी व्यवस्था

- बाल इजलासले बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनुवाई गर्नु पर्दछ ।
- उक्त मुद्दाको सुनुवाई गर्दा बालबालिकालाई सहभागी गराई आफ्नो भनाई स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर प्रदान गर्नु पर्दछ ।
- बालबालिकाले गरेको कसूरजन्य कार्यको किनारा गर्दा मुद्दा दायर भएको मितिले सामान्यतया १२० दिनभित्र मुद्दाको किनारा गर्नु पर्दछ ।
- यस्ता मुद्दाहरुको किनारा गर्दा निरन्तर सुनुवाईको आधारमा गर्नुपर्दछ ।
- बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु हुँदैन र निजबाट धरौटी वा जमानत समेत माग गर्नु हुँदैन ।
- बालबालिकालाई मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सकिन्छ । निजको बाबु आमा वा संरक्षकको जिम्मा लगाउन पनि सकिन्छ ।
- बाल इजलासले मुद्दाको कुनै पनि चरणमा कानूनको विवादमा परेका बालबालिकाको अधिकारको संरक्षणको लागि, पुनर्स्थापनाको लागि उपयुक्त र आवश्यक आदेश दिन सक्दछ ।

## क्रमश...

- कानूनको विवादमा परेका बालबालिकाको कुनै अधिकारको कार्यान्वयन अनुसन्धान अधिकारी वा सरकारी वकीलले नगरेको जानकारी समबन्धित पक्षले गराएमा त्यस्तो अधिकारको कार्यान्वयन गर्न सम्बन्धित अधिकारीलाई बाल इजलासले आदेश दिन सक्दछ ।
- बालबालिकासँग सोधपुछ गर्न दोभाषेको प्रयोग गर्न सकिन्छ ।
- बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिव देखिएमा कानूनको विवादमा परेका बालबालिकालाई जतिसुकै विगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल इजलासले दिशान्तर गर्न सक्नेछ तर ३ वर्ष वा सो भन्दा बढी केद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिदैन ।
- बालबालिकाले गरेको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएसम्म बाल इजलासले त्यस्तो मुद्दाको कारवाही र किनारा गर्नु हुँदैन ।
- बाल इजलासले वैतानिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्न सक्दछ ।

# पुर्पक्ष सम्बन्धी व्यवस्था

दफा २४

(१) कुनैं पनि बालबालिकालाई मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसंग धरौट वा जमानत मागिने छैन ।

(४) बालबालिका जिम्मा लगाउदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरु र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्नेछ ।

(५) जिम्मा लगाईएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिनेछ ।

बालबालिकालाई आर्थिक दायित्व बहन गर्न लगाउन हुदैन भन्ने मान्यतामा आधारित व्यवस्था

- दफा ३१ बाल अदालतको अधिकार क्षेत्रको प्रयोग तोकिए बमोजिम हुने
- नियमावली १८ अधिकार क्षेत्रको प्रयोग

  - बाल ईजलाशको अधिकार क्षेत्रको प्रयोग न्यायाधीश समाजसेवी बालमनोविज्ञ वा बाल बिशेषज्ञले सामुहिक रुपमा गर्ने
  - तर समाजसेवी बालमनोविज्ञ वा बाल बिशेषज्ञ उपलव्ध नभएको अवस्थामा पनि न्यायाधीशले मुद्दाको कारवाही र किनारा गर्न बाधा नपर्ने।
  - समाजसेवी बाल मनोविज्ञ वा बाल विशेषज्ञ र न्यायाधीश विच मतैक्य नभएमा कानूनी प्रश्नमा न्यायाधीशको निर्णय मान्य हुने
  - सजाय निर्धारण गर्नु पर्ने भएमा समाजसेवी बालमनोविज्ञ वा बाल बिशेषज्ञको राय समेतलाई विचार गरी निर्धारण गर्ने
  - आफूले प्रतिवेदन पेश गरेको मुद्दाको सुनवाई हुदा निज समाजसेवी बाल मनोविज्ञ वा बाल विशेषज्ञले सुनवाईको प्रकृयामा सहभागी हुन नपाउने

# बन्द ईजलाशमा सुनवाई हुने

- दफा ३५ मुद्दाको सुनवाई बन्द ईजलाशमा गर्ने
- बन्द ईजलाशमा निजको परिवारका सदस्य, सरकारी वकील, मुद्दाको पीडित पक्ष र निजको कानून व्यवसायी तथा अदालतले अनुमति दिएका व्यक्तिलाई मात्र प्रवेश अनुमति दिने
- सोधपुछ गर्दा अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालबालिकाको बाबु आमा, परिवारको सदस्य, संरक्षक वा निजको कानून व्यवसायीलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा ईजलाशको पर्दामा देखिने व्यवस्था गर्न सकिने
- सोधपुछ गर्न बाल मनोविज्ञ वा बालबालिकासंग सहज रुपले सम्बाद गर्न सक्ने बाल न्याय सम्बन्धी तालिम प्राप्त व्यक्तिलाई अदालतले तोक्न सक्ने
- सोधपुछ गर्दा निजको बाबु आमा संरक्षक वा कानून व्यवसायी बस्न सक्ने

# पुर्नस्थापकीय न्याय

- दफा ३९ बाल न्याय सम्पादन गर्दा पुर्नस्थापकीय न्यायको मान्यता अनुकुल हुने गरी गर्नु पर्दछ।
- पुर्नस्थापकीय न्याय सम्बन्धी व्यवस्था तोके बमोजिम हुने
- नियम २९ दिशान्तर गर्दा अवलम्बन गर्ने प्रकृया: बाल न्याय सम्पादनको क्रममा दिशान्तर गर्दा, फैसला गर्दा र सजाय कार्यान्वयन गर्दा समेत पुर्नस्थापकीय न्यायका सिद्धान्तलाई अनुसरण गर्ने
- पुर्नस्थापकीय न्यायको अनुसरण गर्दा विभिन्न उपायहरु अवलम्बन गर्ने गरी आदेश दिन सक्ने।
- पीडित पीडक परिवार उद्धार एवं उपचारमा संलग्न व्यक्ति र सहजकर्ता समेतको सहभागीतामा कसूर गर्दाको परिस्थरस्थिती कारण हुन भएको क्षति उपचार गर्दा लागेको खर्च समेतको विषयमा छलफल गराउने
- पीडित र प्रभावित पक्षलाई पुगेको क्षतिलाई मूल्याङ्कन गरी क्षतिको रकम यकिन गर्न सम्भव भएमा त्यस्तो रकम भराई दिने
- पेशागत काम कारवाही गर्न नसके गरी पीडितको क्षमता ह्रास भएको वा निजको हक लाग्ने सम्पत्ति हानि नोक्सानी हुन गएकोमा प्रत्यक्ष हानी नोक्सानी कसूरदारबाट भराई दिने

# कानूनको विवादमा परेका बालबालिकाको अधिकार:

(क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत् प्राप्त गर्ने,

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ। जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ।

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने।

(२) कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन।

# बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरु:

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने।

# कानूनको विवादमा परेका बालबालिकालाई हुने सजाय सम्बन्धी व्यवस्था

(१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन।

(२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिबाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ।

बाल इजलाससले सजाय हुने ठहर भएको बालबालिकालाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरुप देहायका कुनै उपयुक्त निर्णय गर्न सक्दछ:

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।

# बाल न्याय सम्पादनका केही समस्याहरु

- हाल सम्म पनि बाल अदालतको गठन हुन सकेको छैन ।
- बाल इजलासमा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको उपस्थिति भएको छैन ।
- बाल मैत्रीपूर्ण ईजलाशको व्यवस्थापन हुन सकेको छैन ।
- कानूनको विवादमा परेका बालबालिकाहरुलाई उमेर पुगेका व्यक्तिहरुसँगै राख्ने गरिएको, निजहरुलाई राख्ने छुट्टै कक्ष रहेको छैन ।
- म्यादी पूर्जी जारी र तामेली, समाह्वान तामेलीमा समस्या छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले सामान्यतया मुद्दा दायर भएको मितिले १२० दिन भित्र फैसला गर्नु पर्ने भनि तोकिएता पनि सो अवधि भित्र फैसला हुन सकेको छैन ।
- समाजसेवी तथा मनोविज्ञको प्रतिवेदन औपचारिकतामा सिमित रहेको छ ।
- कानूनको विवादमा परेका बालबालिकालाई सोधपुछ गर्दा दोभाषेको प्रयोग गर्ने गरिएको छैन ।
- अझै पनि अनुसन्धान तथा अभियोजन गर्ने निकायले बालबालिकाको उमेर पहिले नै पहिचान नगरि १८ बर्ष उमेर पुगेको भनि अभियोग पेश गर्ने गरेको छ ।

# क्रमश...

- दिशान्तर गर्ने व्यवस्था ऐनले गरेता पनि बालबालिकाहरुलाई दिशान्तर गर्ने गरिएको छैन ।
- बालबालिकाको मुद्दा दिशान्तर गर्न सकिने व्यवस्था कार्यान्वयनको लागि निर्देशिकाको आवश्यकता रहेको छ ।
- कानूनको विवादमा परेका बालबालिकालाई संरक्षकको जिम्मा लगाउने भनि आदेश भएकोमा संरक्षकहरुले जिम्मा लिन नमान्नाले बालबालिकाहरुलाई कस्को जिम्मा लगाउने भन्ने विषयमा अन्योलता छ ।
- बाल सुधार गृह प्रत्येक जिल्लामा नभएकोले कानूनको विवादमा परेका बालबालिकालाई पठाउन र मुद्दाको सुनुवाईमा उपस्थित गराउन कठिन भएको छ ।
- बालबालिकालाई जिम्मा लिईजाने अभिभावक संरक्षक वा व्यक्तिले अदालतले तोकेको शर्त पालना नगरेमा के कस्तो दायित्व बहन गर्नु पर्छ स्पस्ट छैन ।
- बाल न्याय सम्बन्धी प्रशिक्षण एवं तालिमको अभाव रहेको छ ।
- बाल न्याय सम्बन्धी अध्ययन सामग्रीको अभाव रहेको छ ।

# समाधानका उपायहरु

- यथाशिघ्र बाल अदालतको गठन गर्नु पर्दछ ।
- बाल इजलासमा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई अनिवार्य रुपमा उपस्थित गराउनु पर्दछ ।
- बाल मैत्रीपूर्ण ईजलाशको व्यवस्थापन गर्ने ।
- कानूनको विवादमा परेका बालबालिकाहरुलाई उमेर पुगेका व्यक्तिहरुबाट छुट्याई भिन्दै कक्षमा राख्ने ।
- समाजसेवी तथा मनोविज्ञको प्रतिवेदनलाई अनिवार्य रुपमा पेश गर्न लगाउने ।
- दिशान्तर गर्न मिल्ने बालबालिकाहरुलाई दिशान्तर गर्ने ।
- बाल न्याय सम्बन्धी प्रशिक्षण एवं तालिमको व्यवस्था गर्ने ।

# धन्यवाद !!!